☎०७८-४१०१२७
४१०१२८

# मध्यविन्दु नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
चोरमारा, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)
गण्डकी प्रदेश, नेपाल
२०७३

प.सं. २०८१/०८२
च.नं.

## सेवा करार सम्बन्धी सूचना।

(प्रथम पटक सूचना प्रकाशित मिति २०८१/०८/२६ गते, ने.सं.:११४५ थिंलाथ्व, ११ बुधबार)

प्रस्तुत विषयमा मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, गण्डकी प्रदेश तथा यस मध्यविन्दु नगरपालिकाको साझेदारीमा सञ्चालित मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम अन्तर्गत कृषि उद्यमशीलता तथा जैविक खेति परियोजना संचालनार्थ तपसिल अनुसारको पदमा खुल्ला प्रतियोगितात्मक लिखित परीक्षाद्वारा करार सेवामा पदपुर्ति गर्नुपर्ने भएकोले ईच्छुक योग्यता पुगेका नेपाली नागरिकहरुवाट देहाय बमोजिमका शर्तहरुको अधिनमा रही सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र यस नगर कार्यपालिकाको कार्यालयमा रितपूर्वक दरखास्त दिनुहुन यो सूचना प्रकाशन गरिएको छ।

१) **आवश्यक पदहरुको विवरणः**

| विज्ञापन नं. | पद | माग संख्या | कैफियत |
|---|---|---|---|
| ६/२०८१/८२ | योजना सहजकर्ता | १ (एक) | |

२) **आवश्यक योग्यताहरुः**
- मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि विषय लिई १०+२ वा आई.एस.सी. ए.जी. उत्तीर्ण गरेको प्रमाण पत्र पेश गर्नुपर्नेछ,
- उमेर हदः दरखास्त दिने अन्तिम मितिसम्म १८ वर्ष पुरा भई ३५ बर्ष ननाघेको (महिला र अपाङ्गको हकमा ४० बर्ष ननाघेको) हुनुपर्ने छ,
- कानून बमोजिम अयोग्य नभएको,
- नेपाली नागरिक।

३) **कर्मचारी छनौट पद्धतीः** मध्यविन्दु नगरपालिकाको करारमा प्राविधिक कर्मचारी व्यवस्थापन कार्यविधी २०७५, बमोजिम।

४) **दरखास्त दिने अन्तिम मितिः** सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन (२०८१/०९/०२) कार्यालय समय भित्र र सार्वजनिक विदा परेको खण्डमा सोको भोलिपल्ट।

५) **दरखास्त दस्तुरः** रु. ५००/-

६) **संलग्न गर्नुपर्ने कागजातहरुः**
- शैक्षिक योग्यताको प्रमाणित प्रमाणपत्रको प्रतिलिपि,
- नेपाली नागरिकताको प्रतिलिपि,
- फोटो २ प्रति,
- अनुभव तथा अन्य आवश्यक कागजातहरु।

७) **तलबः** प्रचलित तलब स्केल अनुसार,
- करार अवधिः वि.सं. २०८२ असार मसान्तसम्म।

*द्रष्टव्यः* रितपूर्वक पेश नभएका तथा म्याद नाघी दर्ता हुन आएका आवेदन उपर कुनै कारवाही गरिने छैन। छनौट एवं सिफारिस समितिले मापदण्ड पुरा गरेका आवेदनलाई मात्र संक्षिप्त सूची (Short List) मा समावेश गर्नेछ।

शिशिर पौडेल
प्रमुख प्रशासकीय अधिकृत